काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २८५ ❐ सोमवार, ११ साउन, २०८३ ❐ Monday, 27 July 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कर्णालीमा भोलीसम्म नयाँ सरकारका लागि बहुमतको दाबी पेश गर्नुपर्ने

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १० साउन

कर्णाली प्रदेशमा नयाँ सरकार गठनको संवैधानिक प्रक्रिया औपचारिक रूपमा अघि बढेको छ। मुख्यमन्त्री यामलाल कँडेलको राजीनामा स्वीकृत भएसँगै प्रदेश प्रमुख यज्ञराज जोशीले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम नयाँ मुख्यमन्त्री नियुक्तिका लागि बहुमतको दाबी पेश गर्न आह्वान गरेका छन्।

प्रदेश प्रमुखको कार्यालयका अनुसार प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी राजनीतिक दलको समर्थनमा स्पष्ट बहुमत जुटाउन सक्ने प्रदेशसभा सदस्यले साउन १२ गते मंगलबार साँझ ५ बजेसम्म मुख्यमन्त्री पदका लागि दाबी पेश गर्नुपर्नेछ। प्रदेश प्रमुखका सचिव हिरालाल चौधरीले संवैधानिक व्यवस्थाअनुसार नयाँ सरकार गठनको प्रक्रिया अघि बढाइएको जानकारी दिएका छन्।

मुख्यमन्त्री यामलाल कँडेलले शनिबार प्रदेशसभा बैठकमै आफ्नो राजीनामाको घोषणा गरेका थिए। प्रदेश प्रमुखबाट राजीनामा स्वीकृत भएसँगै नयाँ सरकार गठनको बाटो खुलेको हो। कँडेलविरुद्ध गत असार ३२ गते नेपाली कांग्रेस र नेकपाका १६ जना प्रदेशसभा सदस्यले संयुक्त रूपमा अविश्वास प्रस्ताव दर्ता गरेका थिए। त्यसयता प्रदेशको सत्ता समीकरण फेरिने संकेत देखिएको थियो।

अन्ततः अविश्वास बाँकी पृष्ठ २



मंगलबहादुरको मुख्यमन्त्री सम्भावना

केन्द्रको सहमतिअनुसार नेकपा संसदीय दलका नेता मंगलबहादुर शाही नयाँ मुख्यमन्त्री बन्ने सम्भावना अत्यधिक बलियो देखिएको छ। आइतबार बिहान एमाले र नेकपाका प्रदेश संसदीय दलका नेताहरू काठमाडौं पुगेका छन्। उनीहरूले केन्द्रका शीर्ष नेतासँग छलफल गरी मुख्यमन्त्रीसहित मन्त्रीहरूको टुंगो लगाएर फर्किने बताएका छन्।

यद्यपि सरकार गठनसँगै मन्त्रिपरिषद्को संरचना र मन्त्रालय बाँडफाँट भने सहज हुने संकेत देखिएको छैन। विशेषगरी तत्कालीन एकीकृत समाजवादीबाट नेकपामा समाहित समूहले पनि सरकारमा सम्मानजनक प्रतिनिधित्वको माग अघि सारेको छ। प्रदेशसभा सदस्य कल्याणी खड्काले यसअघि पटक-पटक सरकार फेरबदल हुँदा आफूलाई उपेक्षा गरिएको उल्लेख गर्दै यसपटक पार्टी एकताको भावना झल्किने गरी जिम्मेवारी सुनिश्चित हुनुपर्ने अडान राखेकी छन्। आवश्यक परे मुख्यमन्त्रीमा समेत आफ्नो दाबी रहने उनको भनाइ छ।

नेकपाका प्रमुख सचेतक कृष्णबहादुर जिसीले सरकार गठनभन्दा पनि पार्टी एकतालाई दीर्घकालीन रूपमा संस्थागत गर्नु अहिलेको मुख्य प्राथमिकता भएको बताएका छन्। उनका अनुसार पार्टी एकतालाई मजबुत बनाउँदै स्थिर सरकार निर्माण गर्ने उद्देश्यका साथ छलफल भइरहेको छ। मुख्यमन्त्री र मन्त्रीहरूको अन्तिम टुंगो एक-दुई दिनभित्र लाग्ने अपेक्षा गरिएको छ। ४० सदस्यीय कर्णाली प्रदेशसभामा नेपाली कांग्रेसका १५, नेकपाका १४, एमालेका १० र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का एक सांसद छन्। एमाले र नेकपाको संयुक्त संख्या २४ पुग्ने भएकाले नयाँ सरकार गठनका लागि आवश्यक स्पष्ट बहुमत उनीहरूसँग रहेको छ।

यस आधारमा नेकपाको नेतृत्वमा सरकार गठन हुने लगभग निश्चित मानिएको छ। अब केन्द्रको सहमतिअनुसार मन्त्रिपरिषद् गठन, मन्त्रालय बाँडफाँट तथा शक्ति सन्तुलन मिलाउने प्रक्रिया अघि बढ्नेछ।

एमाले कर्णाली असन्तुष्ट

केन्द्रको निर्णयप्रति एमाले कर्णालीभित्र असन्तुष्टिको स्वर सुनिन थालेको छ। पूर्वमन्त्री तथा एमाले सांसद विनोदकुमार शाहले केन्द्रको निर्णय स्वीकार गर्नुपर्ने अवस्था भए पनि कर्णालीका एमाले नेताहरू त्यसबाट पूर्ण रूपमा सन्तुष्ट नरहेको बताए।

उनका अनुसार नेकपाले एमाले नेतृत्वको सरकारविरुद्ध कांग्रेससँग मिलेर अविश्वास प्रस्ताव दर्ता गराएपछि मुख्यमन्त्री कँडेलले राजीनामा दिनुपर्ने अवस्था सिर्जना भएको थियो। त्यसपछि मात्रै केन्द्रबाट नयाँ सत्ता समीकरणको निर्णय आएको भन्दै उनले त्यसले प्रदेशका कार्यकर्तामा असहजता उत्पन्न गरेको बताए। शाहले अब सरकार गठनको पहल नेकपाकै हातमा रहेको उल्लेख गर्दै एमाले संवादका लागि तयार भए पनि आगामी कदम नेकपाले कसरी अघि बढाउँछ भन्नेमा धेरै कुरा निर्भर रहने बताए।

केन्द्रीय प्रवृत्तिको आलोचना

उता कर्णालीका पूर्वमुख्यमन्त्री तथा कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीले प्रदेश सरकार गठनमा केन्द्रको बाँकी पृष्ठ २

एकीकृत भन्सार भवन छिटो सम्पन्न गर्न गृहमन्त्रीको निर्देशन

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १० साउन

गृहमन्त्री सुधन गुरूङले विगत आठ वर्षदेखि निर्माणाधीन रसुवागढीस्थित एकीकृत भन्सार कार्यालयको निर्माण कार्य छिटो सम्पन्न गर्न निर्देशन दिएका छन्।

निरीक्षणका लागि पुगेका गृहमन्त्री गुरुङले कामदारको सङ्ख्या बढाएर द्रुत रूपमा निर्माणको काम अगाडि बढाउन आग्रह गरे।

उनले ठेक्का लिएर आलटाल गरी बस्ने ठेकेदार कम्पनी र काममा तदारूकता नदेखाउने प्राविधिक वा अनुगमनकर्ता उपर कारबाही हुने बताए।

सुरूआतको आठ वर्ष बित्दा पनि निर्माणमा अत्यन्तै ढिलासुस्ती गरिरहेको अवस्थामा गृहमन्त्री गुरूङको निर्देशनले भवन समयमै बन्नेमा आशावादी रहेका स्थानीय बासिन्दाले बताएका छन्।

रसुवागढी क्षेत्रको निरीक्षण पश्चात् गृहमन्त्री गुरूङले त्यस भेगमा खटिएका भन्सारका कर्मचारी एवं सुरक्षाकर्मीलाई निर्देशन दिँदै सिम क्षेत्रको सुरक्षा मजबुद पार्न, सेवा प्रवाह छिटो छरितो तवरले सम्पादन गर्न आग्रह गरे।

गृहमन्त्री गुरूङको भ्रमणले यहाँ कार्यरत सुरक्षाकर्मीको मनोबल बढेको इलाका प्रहरी कार्यालय टिमुरेका प्रहरी निरीक्षक विक्रम कुवरले बताए।

यसैबीच शनिबार साँझदेखि भोटेकोसीमा हराइरहेका विद्युतीय ईभी भ्यानका चालकको खोजी कार्य तीव्र पारिएको छ।

राजधानीबाट गोताखोरको टोली आएर खोजीकार्यमा जुटेको प्रमुख जिल्ला अधिकारी नरेन्द्र परियारले जानकारी दिए।

लागुऔषध दुर्व्यसन नियन्त्रण गरौं

- लागुऔषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असरबारे सचेत बनौं,
- युवा तथा बालबालिकालाई सिर्जनात्मक कार्यमा सहभागी गराऔं,
- साथीको दबाब वा गलत संगतबाट जोगिन प्रेरित गरौं,
- लागुऔषध कारोबार र दुर्व्यसनविरुद्ध सचेतना बढाऔं,
- समस्यामा परेकालाई घृणा होइन, सहयोग र पुनर्स्थापनाको अवसर दिऔं,
- परिवार, विद्यालय र समुदायबीच सहकार्य बढाऔं,
- लागुऔषध प्रयोग नगरौं/नगराऔं।

लागुऔषध मुक्त, सुरक्षित र जिम्मेवार समाज निर्माणमा योगदान गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

चर्चित चिकित्सकको संलग्नतामा डिम्ब तस्करी

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १० साउन

निसन्तान दम्पतीका लागि आईभीएफ प्रविधि सन्तान प्राप्तिको आशा र नयाँ जीवनको आधार बनेको छ।

तर यही संवेदनशील विषयलाई आधार बनाएर केही व्यक्ति र प्रजनन् केन्द्रहरूले गैरकानुनी गतिविधि सञ्चालन गरेको घटना सार्वजनिक भएसँगै यो क्षेत्र विवादमा समेत तानिएको छ।

आर्थिक प्रलोभनमा पारी नाबालिका तथा किशोरीहरूबाट अवैध रूपमा डिम्ब (अण्डा) संकलन गर्ने र त्यसलाई निसन्तान दम्पतीलाई महँगो मूल्यमा प्रयोग गर्ने धन्दामा नाम चलेका चिकित्सक तथा प्रजनन् केन्द्रहरूसमेत जोडिन थालेका छन्।



पछिल्लो पटक ललितपुरको ग्वार्कोस्थित बीएण्डबी अस्पतालमा कार्यरत स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. नूतन शर्माको संलग्नतामा १७ वर्षीया किशोरीको डिम्ब गैरकानुनी रूपमा निकालिएको आरोपसहितको घटना बाहिर आएको छ।

कक्षा ११ मा अध्ययनरत ती किशोरीलाई उनकी साथी र एक जना बिचौलियाले महिनैपिच्छे खेर जाने चिज हो, शरीरमा असर गर्दैन भन्दै ललाईफकाई डिम्ब दिन तयार पारेको बताइएको छ। उनलाई ५० हजार रुपैयाँ दिइने प्रलोभन देखाइएको थियो।

त्यसपछि, ग्वार्कोस्थित क्लिनिकमा लगेर हर्मोनको औषधि दिइएको र गत असार १४ गते शल्यक्रियामार्फत डिम्ब निकालिएको बताइएको छ।

डिम्ब निकालिएपछि किशोरीको स्वास्थ्यमा समस्या देखिन थालेको थियो।

उनलाई उठ्न नसक्ने, चक्कर लाग्ने र पटक-पटक ढल्ने अवस्था आएपछि मात्र परिवारलाई घटनाबारे जानकारी गराएकी थिइन्।

त्यसपछि उनलाई त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगञ्जमा उपचारका लागि भर्ना गरिएको थियो।

५० हजार रुपैयाँ दिने भनिए पनि किशोरीले ३० हजार रुपैयाँ मात्र पाएको र उक्त रकम उपचारमै खर्च भएको परिवारको भनाइ छ।

पीडित परिवारले जिल्ला प्रहरी परिसर ललितपुरमा उजुरी दिएपछि बाँकी पृष्ठ २

काँक्रेविहार राष्ट्रिय दैनिक
दृष्टिकोण
सोमवार, ११ साउन, २०८३
Monday, 27 July 2026

सम्पादकीय

कुर्चीको खेलमै नअल्झिऔं

कर्णाली प्रदेशमा मुख्यमन्त्री यामलाल कँडेलको राजीनामासँगै सत्ता फेरबदलको अर्को अध्याय सुरू भएको छ । यो एउटा सरकारको अन्त्य वा अर्को सरकारको सुरूवात मात्र होइन, नेपालको प्रदेश राजनीतिको वास्तविक चरित्र उजागर गर्ने घटना पनि हो । प्रदेश सरकारको नेतृत्व कसले गर्ने भन्ने निर्णय प्रदेशसभाको बहुमतभन्दा बढी केन्द्रको राजनीतिक समीकरणले निर्धारण गर्ने परिपाटी फेरि एकपटक स्पष्ट भएको छ । अर्कोतर्फ कांग्रेस र नेकपाले अविश्वास प्रस्तावमार्फत सरकार परिवर्तनको बाटो रोजे । दुबै पक्षका आफ्ना तर्क छन् । तर जनताका दृष्टिमा मुख्य प्रश्न कसले सरकार बनायो भन्ने होइन, सरकार किन फेरियो र त्यसले जनतालाई के दियो भन्ने हो । कर्णालीजस्तो विकासका आधारभूत सूचकमा पछि परेको प्रदेशमा सरकार परिवर्तन कुनै अस्वाभाविक घटना होइन । तर पटक-पटक सत्ता समीकरण बदलिने, केन्द्रको सहमतिअनुसार प्रदेश सरकार ढल्ने र बन्ने प्रवृत्तिले संघीय व्यवस्थाको मर्ममाथि नै प्रश्न उठाइरहेको छ ।

प्रदेश सरकारहरू आफ्नै राजनीतिक निर्णय लिन असमर्थ देखिनु संघीयताको आत्माका लागि शुभ संकेत होइन । लोकतन्त्रमा सरकार परिवर्तन स्वाभाविक प्रक्रिया हो । तर त्यो प्रक्रिया पारदर्शी, मूल्य-मान्यता र राजनीतिक नैतिकतामा आधारित हुनुपर्छ । एक दिन सरकारमा बसेर अर्को दिन अविश्वास प्रस्ताव दर्ता गर्ने शैली होस् वा पूर्वसहमतिलाई राजनीतिक लाभ-हानिका आधारमा व्याख्या गर्ने प्रवृत्ति, दुवैले लोकतान्त्रिक संस्कारलाई कमजोर बनाउँछन् । सत्ता परिवर्तनलाई राजनीतिक प्रतिशोध वा अवसरवादको माध्यम बनाइँदा नागरिकको राजनीतिप्रतिको विश्वास क्रमशः क्षीण हुँदै जान्छ । अब नेकपाको नेतृत्वमा नयाँ सरकार बन्ने लगभग निश्चित छ । एमाले सत्ता साझेदार हुनेछ । अंकगणितका हिसाबले सरकार गठन सहज देखिए पनि वास्तविक चुनौती सत्ता प्राप्तिमा होइन, सुशासन, विकास र जनअपेक्षा पूरा गर्नमा हुनेछ ।

कर्णालीका नागरिकलाई मन्त्रीको अनुहार परिवर्तनभन्दा सेवा प्रवाहमा सुधार, अधुरा योजना सम्पन्न हुनु, रोजगारी सिर्जना र पूर्वाधार विकास बढी महत्त्वपूर्ण छ । दुःखको विषय, नेपालको प्रदेश राजनीतिमा नीति र कार्यक्रमभन्दा सत्ता समीकरणले बढी स्थान पाएको छ । सरकार परिवर्तनसँगै विकासका प्राथमिकता बदलिने, योजनाहरू प्रभावित हुने र प्रशासनिक निरन्तरतामा अवरोध आउने समस्या दोहोरिँदै आएको छ । यसको प्रत्यक्ष असर जनताले भोगिरहेका छन् । यस्तो अवस्था रहँदासम्म संघीयताको प्रभावकारिता र प्रदेश सरकारको स्वायत्ततामाथि प्रश्न उठिरहनेछन् । सरकार बदलिँदा जनताको जीवन बदलिन सकेन भने कुर्ची फेरिएको मात्र अर्थ रहन्छ, शासनको चरित्र बदलिँदैन । त्यसैले अब राजनीतिक दलहरूले कुर्चीको खेलमा अल्झिनुभन्दा कर्णालीको विकास, सुशासन र जनविश्वास पुनःस्थापनालाई केन्द्रमा राख्न सक्नुपर्छ । यही नै आजको सबैभन्दा ठूलो राजनीतिक जिम्मेवारी हो ।

करको करकर कहिलेसम्म ?



✍ डा. दिलनाथ दंगाल

कर कुनै पनि प्रत्यक्ष लाभको अपेक्षा नराखी देशका नागरिकले सरकारलाई अनिवार्य रूपमा तिर्ने तिरो भन्ने बुझिन्छ । कर यस्तो विषय हो कि सरकारले पर्याप्त मात्रामा कर संकलन गर्न सकेन भने देशमा राजस्वको संकुचन हुन गई सार्वजनिक वित्त व्यवस्थापनमा संकट उत्पन्न हुन्छ, जसको कारणले समग्र राज्य संयन्त्र नै ठप्प हुने जोखिम बढेर जान्छ भने यसको विपरीत, नागरिकको क्रयशक्ति र आर्थिक क्षमताभन्दा बढी वा अव्यावहारिक कर भार जबरजस्ती लगाइएमा जनतामा राज्यप्रति तीव्र असन्तोष, आक्रोश र कर छलीको प्रवृत्ति बढेर जान्छ । तसर्थ, कर लगाउने प्रक्रिया र यसको व्यावहारिक कार्यान्वयन अत्यन्तै संवेदनशील, जटिल र प्राविधिक विषय मानिन्छ । त्यसो भए कर कसरी संकलन गर्ने त भन्दा- गाईको बाच्छाले गाईको दुध चुस्दा गाईलाई कुनै सकस र कष्ट नदिई सुटुक्क दुध चुसे जसरी नै नागरिकमा कर लगाउन सकियो भने यी माथिका दुवै विषयहरूलाई समेटछन् ।

यदि करको करकर कम गर्ने हो भने यो सिद्धान्तलाई अगाल्नुको विकल्प छैन । यसका लागि सरकारले करदातालाई खुसी पारेर वा आफ्नो आयबाट कर तिर्दा उसले ठूलो बोझको अनुभव गर्नु हुँदैन । यसका लागि सरकारले प्रगतिशील करको अवधारणालाई अगाडि सार्नुपर्छ । यसको अर्थ धेरै आय हुने वर्गले धेरै कर र थोरै आय हुने वर्गले थोरै कर तिर्ने नीति सरकारले अपनाउनुपर्छ । त्यसैगरी करको करकर कम गर्नका लागि नागरिकबाट उठेको करको सदुपयोग भएको जनताले महसुस गर्नु पर्छ, तब मात्र जनता खुसी साथ कर तिर्छन् । हामीकहाँ बिरामी र विद्यार्थीसँग कर उठाएर सांसद र मन्त्रीका स्वकीयको सुविधा बढाउन थालेपछि वा नागरिकबाट कर उठाएर सरकार गाडी-घोडामा खर्च गर्न थाल्यो वा नागरिकबाट कर उठाएर होटल होटलमा सेमिनार गर्ने र विदेश भ्रमणमा खर्च गर्न थाल्यो भने नागरिक खुसी साथ कर तिर्न तयार हुँदैनन् । तर, नागरिकबाट कर उठाएर देश विकासमा लगाउने र यसको प्रत्यक्ष अनुभव नागरिकले गर्ने हो भने उनीहरू कर तिर्न सधैँ तयार हुन्छन् ।

करको करकर कम गर्ने अर्को र सबैभन्दा महत्त्वपूर्ण विधि भनेको सरकारले करको दर वृद्धि गर्नुको सट्टामा करको दायरा फराकिलो बनाउनुपर्छ । यसको अर्थ नागरिकले तिरिरहेको करका दरमा वृद्धि गर्नुको सट्टामा उनीहरूको उपभोग गर्ने शिक्षा-स्वास्थ्यजस्ता अत्यावश्यक क्षेत्रहरूमा होइन अन्य कर तिर्न बाँकी क्षेत्रहरूमा सरकार कर संकलन गर्न पुग्नुपर्छ । कर तिर्न बाँकी क्षेत्रहरू भन्नाले करको दायरामा आउन बाँकी घर जग्गा कारोबारीहरू, विभिन्न कन्सल्टेन्सीहरू, ठूला-ठूला धार्मिक कार्यहरू, कानुनी परामर्श दिने संस्थाहरू, धेरै आम्दानी गरिरहेका सेलिब्रेटीहरू, कतिपय निर्माण सामग्री बिक्री गर्ने केन्द्रहरू, विभिन्न क्षेत्रका बिचौलियाहरूजस्ता क्षेत्रमा सरकार कर संकलन गर्न नपुग्ने तर संविधानले नागरिक हक भनिएका क्षेत्रहरूमा कर संकलन गर्न पुग्दा पछिल्लो समयमा करको करकर बढेर गएको हो । सरकारले बजेटमार्फत निजी शैक्षिक संस्थाहरूले विद्यार्थीहरूसँग लिइरहेको शुल्कमा तीन प्रतिशत कर थप र निजी स्वास्थ्य संस्थाहरूमा बिरामीले उपचार गर्दा तिरिरहेको खर्चमा तीन प्रतिशत कर थप हुने प्रावधान ल्याएको भएर नागरिकको तर्फबाट ठूलो विरोध भएपछि सरकार यो निर्णयबाट पछि हटेको अवस्था छ ।

यसअघिको सरकारले २० युनिटसम्म विद्युत् निःशुल्क दिएको थियो । तर, यो सरकारले विद्यूत खपतबापत उपभोक्ताले ५० युनिटभन्दा बढीमा थप पाँच प्रतिशत कर तिर्नुपर्ने प्रावधान ल्यायो । त्यति हुँदा पनि सरकार आफूलाई नागरिक सरकार र लोक कल्याणकारी भन्न र पपुलर नारा बेच्न पछिपरेको देखिँदैन । यसले आमसर्वसाधारण नागरिक जसले विद्युतीय चुलो प्रयोग गर्छ, र तराईमा कृषि कार्यका लागि कृषकले सिँचाइमा मोटर चलाउछन् यिनीहरूलाई यो करले ठूलो असर गर्नेछ । भान्सामा विदेशबाट आयातित ग्यासको सट्टामा देशमै उत्पादित बिजुली प्रयोग गर्ने र मोटर चलाउन डिजेल वा पेट्रोलको सट्टामा बिजुली प्रयोग गर्ने भन्ने हाम्रो दीर्घकालीन सोचमा बादल लाग्छ । विद्युत्का विषयमा त सरकार कति गैरजिम्मेवार देखियो भने बजेटमा आएको पाँच प्रतिशतको भ्याट असारको बिजुलीको बिलमा नै थप गरे पठायो । सरकारका यस्ता गैरजिम्मेवार कार्यले गर्दा नारिकमा सधैँ निराशा उत्पन्न हुने र करको करकर रहिरहनुको विकल्प देखिँदैन ।

त्यसैगरी हालको व्यवस्थाअनुसार राइड शेयरिङवालाले थप पाँच प्रतिशत सेवा शुल्क तिर्नु पर्नेछ । यसले सर्वसाधारणको यात्रा महँगो हुनेछ । फेरि धेरै लगानी गरेर आम्दानी गर्न नसक्ने वर्ग र विश्वविद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूले पनि एक लाखसम्मको मोटर मोटरसाइकल वा स्कुटर खरिद गरेर आफ्नो दैनिकी चलाइरहेका र विद्यार्थीहरूले आफ्नो पढाइ खर्चको जोहो गरिरहेको सन्दर्भमा ती वर्गका लागि यो पाँच प्रतिशतको कर अन्यायपूर्ण हुन जान्छ । तसर्थ पनि अहिले यी क्षेत्रमा लगाइएको नयाँ करका यी विषयहरूमा नागरिकहरू सरकारको निर्णयसँग असन्तुष्ट छन् । सरकार साँच्चिकै लोककल्याणकारी हुन्थ्यो भने स्वस्थ्य र शिक्षामा जस्तै बिजुलीमा लगाएको कर पनि हटाउथ्यो । तर, सरकार किस्ताबन्दीमा खेलिरहेको हुनाले पनि अहिलेलाई करको करकर यथावत नै रहेको देखिन्छ ।

स्वास्थ्य मन्त्रालयकै तथ्यांकलाई आधार मान्ने हो भने पनि देशभर विशिष्टिकृत स्वास्थ्य उपचारको लगभग ५५ प्रतिशत सेवा निजी स्वास्थ्य संस्थाहरूले उपलब्ध गराइरहेको सन्दर्भमा यदि स्वास्थ्यमा लगाएको करलाई निरन्तर गर्ने हो भने निजी अस्पतालमा १० प्रतिशत शय्या गरिब, विपन्न र बेवारिसे बिरामीका लागि अनिवार्य गर्नुपर्छ भनेर सरकार आफैँले कडाइ गरिरहेको छ । तर, यस्ता प्रकारमा शय्यामा गरिब नागरिकहरूको उपचार गरेबापत पनि निजी अस्पतालले प्रत्येक सेवाबापतको तीन प्रतिशत स्वास्थ्य समता शुल्क सरकारलाई बुझाउनुपर्ने हुन्छ । यसो हुँदा निजी अस्पतालहरूमा निःशुल्क सेवा लिइरहेका बिरामीहरूले पनि सरकारलाई कर बुझाउनुपर्ने हुन्छ । यदी यो तीन प्रतिशतको थप कर लगाउने प्रवधानलाई फेरि सरकारले ब्युँताउने प्रायास गर्ने हो भने निजी अस्पतालहरूमा गरिब बिरामीले पाइरहेको निःशुल्क उपचार पनि नपाउने अवस्थाको सिर्जना हुन्छ । साथै, एम्बुलेन्स र शव बाहनमा पनि यो कर लाग्ने हुनाले मृत्यु शय्यामा पुगिसक्दा र मृत्युमा पनि कार लाग्ने हुनाले यो करको करकर रहिरहने हुन्छ ।

सामान्यतया कर भनेको कसैले आम्दानी गर्छ भने त्यसमा लाग्ने हो, तर यहाँ आय गर्ने वा नगर्ने विचार नै नगरी सम्पूर्ण अभिभावकमाथि आफ्ना कलिला बालबालिका पढाएमार्फत शिक्षामा कर थोपर्ने काम भयो । बाटोछेउमा बसेर तातो घाममा मकै पोलेर बेच्ने, काँक्रो काटेर बेच्ने र नाङ्लो पसल थाप्ने अभिभावकले दुःख गरेर आफ्ना बालबच्चालाई गुणस्तरीय शिक्षाको लागि निजी विद्यालयमा पढाउनेलाई यो कर जबर जस्ती थोपर्ने काम भएको थियो । निजी विद्यालयमा पढाउने सबै अभिभावक धनी हुन्छन्, यिनीहरूले वार्षिक १२ देखि १५ लाख कमाउँछन् भन्ने सामन्ती बुझाइबाट शिक्षामा कर लगाइएको देखिन्छ । राज्यले नागरिकलाई दिनुपर्ने गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराउन नसक्ने वा नचाहने जसका कारणले निजीक्षेत्रमा सेवा लिन बाध्य भएका नागरिकमाथि थप कर लगाउने नीति अन्यायपूर्ण मात्र नभएर संविधानविपरीत र सरकारमा रहेका सुनौला मन्त्रीहरूले गरिब नागरिकमाथि देखाएको हेपाहा प्रवृत्ति पनि हो ।

त्यसैगरी विश्वका कुनै पनि देशहरूमा शिक्षा र स्वास्थ्यमा कर भने लागाइँदैन । नेपालकै विगतलाई पल्टाउने हो भने पनि बाबुराम भट्टराई अर्थमन्त्री हुँदा स्वास्थ्य र शिक्षामा पाँच प्रतिशत समतामूलक शुल्क लगाएका थिए । तर, अहिलेजस्तै त्यो समयमा पनि चर्को विरोध भएको थियो । पछि सुरेन्द्र पाण्डे अर्थमन्त्री हुँदा उक्त शुल्कलाई घटाएर एक प्रतिशतमा झारिएको थियो भने युवराज खतिवडा अर्थमन्त्री हुँदा यो शुल्कलाई पूरै हटाएको थियो । यसरी नेपालमा एकपटक असफल भइसकेको र विश्वमा कहीँ पनि प्रयोगमा नभएको यस्तो प्रतिगामी कर फेरि अहिले सरकारले तीन प्रतिशत तोकेर आफूलाई फेरि प्रतिगामी कित्तामा उभ्याउन खोजेको भए पनि नागरिकको खबरदारीले अहिलेलाई हट्न गएको छ । यदी फेरि पनि यस्ता प्रतिगामी करहरू सरकारले लगाउने हो भने करको करकर रहिरहन्छ ।

साउनभित्र उपत्यकामा डिडिसीका ३० 'आउटलेट' सञ्चालमा आउँदै

काँक्रेविहार संवाददाता

काठमाडौं, १० साउन

दुग्ध विकास संस्थान (डिडिसी)ले आफ्ना उत्पादन सहजै उपभोक्तामाझ पुऱ्याउने उद्देश्यले यही साउन महिनाभित्र काठमाडौं उपत्यकाका विभिन्न स्थानमा ३० 'आउटलेट' सञ्चालनमा ल्याउने तयारी गरेको छ ।

उपभोक्ताको आवश्यकता र मागलाई ध्यानमा राखेर सेवा विस्तार गरिरहेको डिडिसीले नयाँ अवधारणा तथा मोडेलमा सेवा प्रवाह गर्ने तयारी थालेको हो ।

काठमाडौंको बूढानीलकण्ठ, बनस्थली, कलङ्की, कोटेश्वर, नयाँ बानेश्वरलगायत क्षेत्रमा नयाँ आउटलेट सञ्चालनमा ल्याउने तयारी भइरहेको डिडिसीका महाप्रबन्धक डा शरणकुमार पाण्डेले जानकारी दिए । यसैबीच, डिडिसीले ऐतिहासिक तथा पर्यटकीय क्षेत्र वसन्तपुर डबलीमा आजदेखि नयाँ सजावटसहितको 'आउटलेट' सञ्चालनमा ल्याएको छ । उक्त आउटलेटको महाप्रबन्धक पाण्डेले उद्घाटन गरे ।

आन्तरिक तथा बाह्य पर्यटकको उच्च आवतजावत हुने वसन्तपुर क्षेत्रलाई लक्षित गर्दै स्थापना गरिएको यो आउटलेटबाट उपभोक्ताले डिडिसीका गुणस्तरीय दूध तथा दुग्धजन्य उत्पादन सहजै प्राप्त गर्न सक्नेछन् ।

डिडिसीका उत्पादनप्रति उपभोक्ताको आकर्षण निरन्तर बढिरहेको छ । डिडिसीले साधारण र गाईको दूध, दही, मही, पनिर, घ्यू, आइसक्रिम, रसबरी, फ्रेस दूधलगायत दुग्धजन्य उत्पादन बिक्री गर्दै आएको छ । निकट भविष्यमा उपत्यका बाहिरका प्रमुख सहरमा पनि नयाँ आउटलेट सञ्चालन गर्ने लक्ष्य रहेको महाप्रबन्धक पाण्डेको भनाइ छ ।

डिडिसीले आफ्ना उत्पादनलाई अनलाइन माध्यमबाट पनि बिक्रीवितरण गर्ने योजना अघि सारेको छ ।

केही दिनभित्र अनलाइन मार्केटिङ सुरु हुने महाप्रबन्धक पाण्डेले जानकारी दिए ।

'हामी अनलाइन डिजिटल मार्केटिङमा जाँदैछौं, 'सब्सक्रिप्सन' गरेका भरमा अनलाइनबाट डिडिसीका उत्पादन पाउन सकिन्छ, यो सेवा दुई/चार दिनमा सुरु हुन्छ', उनले भने, 'सहज ढङ्गबाट डिडिसीको उत्पादन उपभोक्ताको घरमै पुर्याउने उद्देश्यका साथ काम भइरहेको छ ।

चर्चित...

प्रहरीले घटनामा बिचौलियाको भूमिका खेलेको आरोपमा २१ वर्षीया राधिका गोतामेलाई पक्राउ गरी अनुसन्धान अघि बढाएको थियो ।

ललितपुर प्रहरी परिसरका प्रवक्ता गौतम मिश्रका अनुसार बिचौलिया गोतामेलाई सरकारी वकिल कार्यालयको निर्देशनअनुसार हाल जमानीमा छाडिए पनि अनुसन्धान भने जारी छ ।

प्रहरीले घटनासँग जोडिएका अन्य व्यक्तिहरूमाथि पनि अनुसन्धान गरिरहेको जनाएको छ । प्रमाणका आधारमा दोषी देखिएका सबैलाई कानुनी दायरामा ल्याइने प्रहरीको भनाइ छ ।

कर्णालीमा...

प्रस्तावको राजनीतिक दबाबबीच कँडेलले पद त्याग गर्दै संवैधानिक प्रक्रियालाई सहज बनाएका हुन् । कँडेलको राजीनामासँगै कर्णालीमा केन्द्रको नयाँ राजनीतिक समीकरण कार्यान्वयन हुने लगभग निश्चित भएको छ । एमाले र नेकपाबीच भएको तीनबुँदे राजनीतिक सहमतिअनुसार कर्णाली तथा सुदूरपश्चिम प्रदेशको नेतृत्व नेकपाले गर्ने सहमति भएको छ भने कोशी, बागमती र लुम्बिनी प्रदेशको नेतृत्व एमालेले लिनेछ । मधेस र गण्डकी प्रदेशको नेतृत्व अन्य दलसँगको परामर्शपछि टुंग्याइने सहमति भएको छ ।यस सहमतिमा एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले हस्ताक्षर गरेका छन् । त्यसैको प्रभावस्वरूप कर्णाली सरकार को नेतृत्व अब नेकपाको भागमा परेको हो ।

प्रदेश प्रमुखको आह्वानअनुसार मंगलबार साँझ ५ बजेसम्म बहुमतको दाबी पेश भएपछि नयाँ मुख्यमन्त्री नियुक्त गर्ने संवैधानिक प्रक्रिया अघि बढ्नेछ । यदि कुनै पनि पक्षले स्पष्ट बहुमतसहित दाबी पेश गर्न नसके संविधानमा व्यवस्था गरिएका वैकल्पिक प्रावधानअनुसार सरकार गठनका अन्य प्रक्रिया सुरु हुनेछन् । तर हालको र ाजनीतिक अंकगणित र केन्द्रको सहमतिलाई हेर्दा नेकपाको नेतृत्वमा नयाँ सरकार गठन हुने सम्भावना अत्यन्त बलियो देखिएको हो । अब सबैको ध्यान मुख्यमन्त्रीको औपचारिक नियुक्ति, मन्त्रिपरिषद् गठन तथा नयाँ सरकार को शक्ति सन्तुलनतर्फ केन्द्रित भएको छ ।

केन्द्रीय...

हस्तक्षेप हुने पुरानो राजनीतिक संस्कृतिमाथि प्रश्न उठाएका छन् ।

उनले सामाजिक सञ्जालमार्फत काठमाडौंको राजनीतिक निर्णयले प्रदेशको सरकार निर्धारण गर्ने परम्परा तोड्ने प्रयास गरिएको भए पनि केन्द्रमा बनेको नयाँ समीकरणका कारण त्यो प्रयास सफल हुन नसकेको टिप्पणी गरेका छन् । शाहीले प्रदेशको आफ्नै स्वायत्त राजनीतिक अस्तित्व, स्वाभिमान र निर्णय क्षमताबारे बहस सुरु भएको उल्लेख गर्दै तत्काल परिणाम आफ्नो पक्षमा नआए पनि दीर्घकालीन रूपमा त्यसले सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरेका छन् ।

कर्णालीबाट पहिलो पटक १८ एमबिबिएस डाक्टर उत्पादन



काँक्रेविहार संवाददाता

जुम्ला, १० साउन

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल, जुम्लाले पहिलो पटक एमबिबिएस अध्ययन पूरा गरेका १८ जना चिकित्सक उत्पादन गर्दै कर्णाली प्रदेशको स्वास्थ्य शिक्षा क्षेत्रमा ऐतिहासिक उपलब्धि हासिल गरेको छ। प्रतिष्ठानले शुक्रबार सार्वजनिक गरेको नतिजाअनुसार पहिलो ब्याचका २० विद्यार्थीतर्फ १८ जना सफल भएका हुन्।

विगतमा विशेषज्ञ चिकित्सकको अभावका कारण सामान्य उपचारसमेत नपाएर नागरिकले ज्यान गुमाउने अवस्था रहेको कर्णाली अहिले आफ्नै भूमिमा चिकित्सक उत्पादन गर्न सक्षम बनेको छ। यस उपलब्धिले कर्णाली मात्र नभई समग्र देशको स्वास्थ्य सेवामा सकारात्मक योगदान पुग्ने विश्वास गरिएको छ।

प्रतिष्ठानका नवनियुक्त उपकुलपति डा. सूर्यमान मेन्याङ्म्बोले पहिलो ब्याचका एमबिबिएस चिकित्सक उत्पादन हुनु कर्णाली र राष्ट्रका लागि गर्वको विषय भएको बताए। उनका अनुसार सफल विद्यार्थीहरूले केही महिनासम्म प्रतिष्ठानमै इन्टर्नसिप पूरा गर्नेछन्। साथै, प्रतिष्ठानमा नेपालीसँगै भारतबाट पनि विद्यार्थी अध्ययनका लागि आउन थालेकाले आगामी वर्षदेखि एमबिबिएस अध्ययनको सिट संख्या बढाउन सरकारसँग पहल गरिने जानकारी दिए।

प्रतिष्ठानका सहायक प्राध्यापक लोकजन सिंहका अनुसार हाल प्रतिष्ठानमा एमबिबिएसको छैटौँ ब्याच अध्ययनरत छ। पहिलो ब्याचमा २०, दोस्रो र तेस्रोमा ३०-३० तथा चौथो, पाँचौँ र छैटौँ ब्याचमा ५०-५० विद्यार्थी अध्ययन गरिरहेका छन्। यससँगै हालसम्म कुल दुई सय ३० विद्यार्थी एमबिबिएस कार्यक्रममा आबद्ध छन्।

२०७८ साल मङ्सिर २६ गते तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रतिष्ठानमा एमबिबिएस कार्यक्रमको औपचारिक उद्घाटन गरेकी हुन्। प्रतिष्ठानका संस्थापक पहलकर्ता तथा पूर्व संविधानसभा सदस्य नरेश भण्डारीले एक समय चिकित्सकको अभाव भेलिरहेको जुम्ला आज चिकित्सक उत्पादन गर्ने केन्द्रका रूपमा स्थापित हुनु गौरवको विषय भएको बताए। नागरिक समाज जुम्लाका अध्यक्ष राजबहादुर महतले पनि प्रतिष्ठानले कर्णालीको सामाजिक तथा आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे।

दोस्रो ब्याचकी विद्यार्थी सिराहाकी नुरुजाह खातुनले जुम्लामा उच्चस्तरीय चिकित्सा शिक्षा प्राप्त गर्ने अवसर आफ्नो जीवनको अविस्मरणीय उपलब्धि भएको बताइन्। यस्तै, पहिलो ब्याचका विद्यार्थी रुपन्देहीका समीरराज जोशीले कर्णालीमा अध्ययनको अनुभव सकारात्मक रहेको उल्लेख गर्दै पूर्वाधार र सडक सञ्जालको थप विकास आवश्यक रहेको धारणा राखे।

डोल्पोबुद्धमा पहिलो संस्थागत सुत्केरी

काँक्रेविहार संवाददाता

डोल्पा, १० साउन

दुर्गम हिमाली जिल्ला डोल्पाको डोल्पोबुद्ध गाउँपालिकामा पहिलो पटक स्वास्थ्य संस्थामार्फत सुरक्षित प्रसूति सेवा सफलतापूर्वक सञ्चालन भएको छ।



गाउँपालिका तिन स्थित धो स्वास्थ्य चौकीको बर्थिङ सेन्टरमा स्थानीय ३१ वर्षीया धावा आङमो लामाले शुक्रबार सुरक्षित रूपमा शिशुलाई जन्म दिएपछि यस क्षेत्रको स्वास्थ्य सेवामा नयाँ इतिहास बनेको हो।

संघीयता कार्यान्वयन भएको करिब एक दशकपछि गाउँपालिकाभित्रकै स्वास्थ्य संस्थामा पहिलो संस्थागत सुत्केरी सेवा सम्भव भएको स्वास्थ्यकर्मीहरूले बताएका छन्।

धो स्वास्थ्य चौकीका प्रमुख चन्द्रराज बुढाका अनुसार आमा र नवजात शिशु दुवैको स्वास्थ्य अवस्था सामान्य रहेको छ।

उनले सीमित स्रोत-साधन र कठिन भौगोलिक अवस्थाका बीच सम्पन्न भएको यो प्रसूति स्थानीय स्वास्थ्य सेवाका लागि महत्वपूर्ण उपलब्धि भएको बताए। उच्च हिमाली क्षेत्रको कठोर मौसम, न्यून तापक्रम तथा आवश्यक पूर्वाधारको अभावका बाबजुद हेल्थ असिस्टेन्ट कार्मा साङमो थापा भोटे, अहेब तथा अ.न.मि. कर्मा साङमो लामा लगायतको स्वास्थ्यकर्मी टोलीले सुरक्षित प्रसूति गराएको हो।

स्वास्थ्य शाखा प्रमुख सुरेन्द्र विकका अनुसार दक्ष स्वास्थ्य जनशक्तिको कमी, प्रसूति सामग्रीको अभाव, यातायातको कठिन पहुँच तथा सामाजिक परम्पराका कारण यसअघि अधिकांश महिलाले घरमै सुत्केरी हुने गरेका थिए।

धार्मिक तथा सांस्कृतिक विश्वासका कारण स्वास्थ्य संस्थामा पुग्न हिच्किचाउने प्रवृत्तिले पनि संस्थागत प्रसूति विस्तारमा चुनौती थपेको उनको भनाइ छ। यद्यपि, धो स्वास्थ्य चौकीमा भएको पहिलो संस्थागत सुत्केरीलाई स्थानीय स्वास्थ्य सेवामा आएको सकारात्मक परिवर्तनका रूपमा हेरिएको छ।

गाउँपालिकाले आगामी दिनमा बर्थिङ सेन्टरलाई थप व्यवस्थित बनाउने, आवश्यक उपकरण उपलब्ध गराउने तथा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गर्दै सुरक्षित मातृत्व सेवाको पहुँच विस्तार गर्ने योजना अघि सारेको जनाएको छ।

स्थानीय स्वास्थ्यकर्मीहरूले नियमित गर्भ परीक्षण, स्वास्थ्य संस्थामै प्रसूति र नवजात शिशुको उचित हेरचाहलाई प्राथमिकता दिन आग्रह गर्दै जनचेतनामूलक कार्यक्रमसमेत सञ्चालन गरिरहेका छन्।

डोल्पोबुद्धमा भएको यो पहिलो संस्थागत सुत्केरीलाई दुर्गम हिमाली क्षेत्रमा सुरक्षित मातृत्व सेवाको नयाँ अध्यायको सुरुआतका रूपमा लिइएको छ।

लिमीमै रोकिए कैलाशका पर्यटक

काँक्रेविहार संवाददाता

हुम्ला, १० साउन

लगातारको वर्षापछि लिमी कर्णाली नदीमा पानीको बहाव बढेपछि हुम्लाको नाम्खा गाउँपालिका छ स्थित ताक्ची क्षेत्रमा सवारी आवागमन पूर्ण रूपमा ठप्प भएको छ।

नदीमा बिछ्याइएका ह्युम पाइप माथि पानी बगेपछि लिमी र लाप्चातर्फ जाने सडक अवरुद्ध हुँदा कैलाश-मानसरोवरको दूरदर्शन गर्न जाने स्वदेशी तथा विदेशी पर्यटकहरू ताक्चीमै रोकिएका छन्।

स्थानीयका अनुसार नदीमा पानीको सतह अस्वाभाविक रूपमा बढेपछि सवारीसाधन सञ्चालन गर्न जोखिमपूर्ण बनेको छ।

सिमकोटबाट लिमी हुँदै लाप्चातर्फ गएका गाडीहरू ताक्चीमै रोकिएका छन् भने केही पर्यटकले यात्रा स्थगित गरेर फर्किनुपर्ने अवस्था आएको छ। यात्रु अभिनास लामाका अनुसार तीन दिनदेखि नदीमा पानीको बहाव उच्च रहेकाले सवारी आवागमन पूर्ण रूपमा बन्द भएको छ। यसले कैलाश-मानसरोवरको दूरदर्शनका लागि लाप्चा पुग्ने योजनामा रहेका पर्यटकको यात्रा प्रभावित भएको उनले बताए।

नाम्खा गाउँपालिका छ का वडा अध्यक्ष पाल्जोर तामाङका अनुसार ताक्ची क्षेत्रमा लिमी कर्णाली नदी पार गर्न दुई स्थानमा ह्युमपाइप जडान गरी सवारी सञ्चालनको व्यवस्था गरिएको थियो। तर लगातारको वर्षापछि नदीमा पानीको बहाव तीव्र भई ह्युमपाइप पूर्ण रूपमा डुबेकाले कुनै पनि सवारीसाधन वारपार गर्न नसक्ने अवस्था बनेको छ।

पानीको सतह नघटेसम्म यातायात सञ्चालन सम्भव नहुने उहाँको भनाइ छ। नदीमाथि पैदल यात्रुका लागि झोलुङ्गे पुल भए पनि ताक्चीदेखि लाप्चासम्मको दूरी, मौसम र कठिन भूगोलका कारण अधिकांश पर्यटक पैदल यात्रा गर्न सक्ने अवस्थामा छैनन्। त्यसैले सवारी सेवा बन्द हुँदा पर्यटकहरू ताक्चीमै बस्न वा यात्रा रद्द गरेर फर्किन बाध्य भएका छन्।

हालसम्म कम्तीमा पाँच समूहका पर्यटक आफ्नो गन्तव्यमा पुग्न नसकी फर्किएको स्थानीयले बताएका छन्। लिमी-लाप्चा मार्ग कैलाश-मानसरोवरको दूरदर्शन गर्न चाहने पर्यटकका लागि महत्त्वपूर्ण गन्तव्य मानिन्छ। हरेक वर्ष बर्खायाममा लिमी कर्णाली नदीमा पानीको बहाव बढ्दा यही समस्या दोहोरिने गरेको छ। यही समस्याको समाधानका लागि गत मङ्सिरमा नदीमा ह्युम पाइप जडान गरी सवारी सञ्चालन सहज बनाउने प्रयास गरिएको थियो। तर वर्षायाममा नदीको बहाव अत्यधिक बढ्दा उक्त संरचनाले समेत काम गर्न नसकेको देखिएको छ।

स्वयंसेवक र शिक्षकको क्षमता अभिवृद्धि तालिम

काँक्रेविहार संवाददाता

रुकुम पश्चिम, १० साउन

सानीभेरी गाउँपालिकामा पालिकास्तरीय स्वयंसेवक ब्यूरो तथा शिक्षक नायक एवं सहायक शिक्षक नायकहरूका लागि आयोजित चारदिने क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ।

साउन छ गतेदेखि नौ गतेसम्म सञ्चालन भएको तालिम सानीभेरी गाउँपालिका, नेपाल रेडक्रस सोसाइटी रुकुम पश्चिम जिल्ला शाखा तथा दिगो विकासका लागि स्वास्थ्य अनुकूलन तथा उत्थानशीलता (सुधार) परियोजना को संयुक्त साझेदारीमा आयोजना गरिएको हो।

तालिमको मुख्य उद्देश्य स्वयंसेवक तथा शिक्षकहरूको ज्ञान, सीप र नेतृत्व क्षमता अभिवृद्धि गर्नुका साथै विपद् व्यवस्थापन, मानवीय सेवा, विद्यालय सुरक्षा तथा समुदायमा आधारित रेडक्रस गतिविधिलाई प्रभावकारी बनाउनु रहेको आयोजकले जनाएको छ।

प्राकृतिक विपद्को जोखिम बढिरहेका बेला स्थानीय स्तरमै सक्षम जनशक्ति तयार पार्ने लक्ष्यका साथ तालिम सञ्चालन गरिएको परियोजना संयोजक यदुकुमार आचार्यले जानकारी दिए।



उनका अनुसार विद्यालय र समुदायमा कार्यरत स्वयंसेवक तथा शिक्षकहरूले विपद्का बेला तत्काल उद्धार, प्राथमिक उपचार, जनचेतना अभिवृद्धि तथा समन्वयात्मक भूमिका निर्वाह गर्न सकून् भन्ने उद्देश्यले सैद्धान्तिक र प्रयोगात्मक दुवै प्रकारका प्रशिक्षण प्रदान गरिएको हो।

चार दिनसम्म सञ्चालन भएको तालिममा विभिन्न विषयगत विज्ञ तथा अनुभवी प्रशिक्षकहरूले सहजीकरण गरेका थिए।

तालिम प्रशिक्षक शंकर भट्टराईका अनुसार शिक्षक नायक तथा सहायक शिक्षक नायकहरूलाई रेडक्रस आन्दोलनको इतिहास, सात आधार भूत सिद्धान्त, जुनियर रेडक्रस सर्कल गठन र सञ्चालन प्रक्रिया, शिक्षक नायकको जिम्मेवारी, विद्यालयमा विपद् जोखिम न्यूनीकरण, सुरक्षित तथा तीनतारे विद्यालय अवधारणा, विपद् व्यवस्थापनसम्बन्धी शब्दावली तथा व्यवहारिक अभ्यासका विषयमा प्रशिक्षण दिइएको थियो।

यसले विद्यालयमा विद्यार्थीहरूलाई विपद् सचेतना र मानवीय सेवाका गतिविधिमा सक्रिय बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ। यसैगरी, स्वयंसेवक ब्यूरोका सदस्यहरूलाई खोज तथा उद्धार, प्राथमिक उपचार, विपद्का समयमा प्रभावित समुदायमा राहत तथा सहयोग व्यवस्थापन, जोखिम मूल्याङ्कन, सुरक्षित स्थानान्तरण, आपत्कालीन समन्वय र स्वयंसेवक परिचालन सम्बन्धी प्रयोगात्मक अभ्यास गराइएको नेपाल रेडक्रस सोसाइटी रुकुम पश्चिम जिल्ला शाखाले जनाएको छ।

तालिमका क्रममा वास्तविक विपद्का घटनालाई आधार बनाएर अभ्यास समेत गराइएको थियो, जसले बाँकी पृष्ठ ४

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

कृषि आयकरमा ठूलो छुट, २५ लाख सम्मको आम्दानीमा कर नलाग्ने



काँक्रेविहार संवाददाता
सुर्खेत, १० साउन

कर्णाली प्रदेश सरकारले किसानलाई राहत र कृषि उत्पादनलाई प्रोत्साहन गर्ने उद्देश्यसहित कृषि आयकरमा उल्लेखनीय छुट दिने व्यवस्था लागू गरेको छ।

कर्णाली प्रदेश आर्थिक ऐन-२०८३ मार्फत प्रदेश सरकारले कृषि आयकरको सीमा बढाउँदै वार्षिक २५ लाख रुपैयाँसम्म कृषि आम्दानी गर्ने किसानलाई पूर्ण रूपमा करमुक्त बनाएको हो।

यसअघि वार्षिक पाँच लाख रुपैयाँसम्मको कृषि आयमा मात्रै कर छुटको व्यवस्था थियो। नयाँ व्यवस्थासँगै अब २५ लाख रुपैयाँभन्दा माथिको कृषि आयमा मात्र कर लाग्नेछ।

ऐनअनुसार २५ लाखदेखि ५० लाख रुपैयाँसम्मको कृषि आयमा एक प्रतिशत तथा एक करोड रुपैयाँभन्दा माथिको आयमा १.७५ प्रतिशत कर निर्धारण गरिएको छ।

प्रदेश सरकारले साना तथा मध्यम किसानलाई करको दायराभन्दा बाहिर राखेर कृषि क्षेत्रमा लगानी र उत्पादन बढाउने लक्ष्य लिएको जनाएको छ। यस वर्षको आर्थिक ऐनमा खेतीयोग्य जमिन बाँझो राख्नेलाई जरिवाना गर्ने व्यवस्था भने हटाइएको छ।

गत वर्ष १० रोपनीसम्म जमिन बाँझो राख्नेलाई वार्षिक पाँच सय रुपैयाँ, १० देखि २० रोपनीसम्म एक हजार रुपैयाँ र २० रोपनीभन्दा बढी जमिन बाँझो राख्नेलाई एक हजार पाँच सय रुपैयाँ जरिवाना गर्ने व्यवस्था थियो। नयाँ ऐनमा भने उक्त प्रावधान हटाइएको छ।

प्रदेश सरकारले प्रयोगविहीन वा लामो समयदेखि सञ्चालनमा नरहेका सवारीसाधनका धनीलाई राहत दिने उद्देश्यले कर तथा जरिवाना मिनाहा गर्ने व्यवस्था पनि ल्याएको छ।

ऐनको दफा ३० अनुसार २०८४ जेठ मसान्तभित्र पछिल्ला तीन वर्षको सवारी कर बुझाए २०८२/०८३ सम्म लागेको सम्पूर्ण जरिवाना मिनाहा गरी लगत कट्टा गर्न सकिने व्यवस्था गरिएको छ। अंशबण्डामा लाग्ने कर पनि उल्लेखनीय रूपमा घटाइएको छ।

३० लाख रुपैयाँसम्मको सम्पत्ति बाँडफाँटमा लाग्ने १.५ प्रतिशत करलाई घटाएर ०.२ प्रतिशत कायम गरिएको छ भने दुई करोड रुपैयाँभन्दा माथिको सम्पत्तिमा लाग्ने २.५ प्रतिशत करलाई ०.५ प्रतिशतमा झारिएको छ। यसबाट पैतृक सम्पत्ति बाँडफाँट गर्दा नागरिकमाथिको आर्थिक भार कम हुने प्रदेश सरकारको विश्वास छ।

यता मेला, महोत्सव तथा सांस्कृतिक कार्यक्रम आयोजनामा भने प्रदेश सरकारले कडाइ गरेको छ। सरकारी अनुदान लिन चाहने आयोजकले मनोरञ्जन कर तिरेको प्रमाण अनिवार्य रूपमा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ। साथै मनोरञ्जन करको दरसमेत बढाइएको छ । अब नगरपालिका क्षेत्रमा एकदिने कार्यक्रमका लागि दुई हजार, तीन दिनसम्मका लागि चार हजार र १५ दिनसम्म सञ्चालन हुने कार्यक्रमका लागि १० हजार रुपैयाँ मनोरञ्जन कर तिर्नुपर्नेछ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार चालु आर्थिक वर्षमा करको दायरा विस्तार गरी प्रदेशको आन्तरिक आम्दानी वृद्धि गर्ने लक्ष्य राखिएको छ। वरिष्ठ राजस्व अधिकृत गणेशबहादुर चन्दका अनुसार कृषि आयकर, सवारी करलगायत प्रदेशको अधिकार क्षेत्रभित्रका राजस्वलाई थप व्यवस्थित बनाइनेछ।

संघीयता कार्यान्वयनको एक दशक बितिसक्दा पनि प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने केही कर संघीय सरकारले उठाउँदै आएको उल्लेख गर्दै प्रदेश सरकारले आफ्नो राजस्व अधिकारलाई थप प्रभावकारी बनाउने तयारी गरेको जनाएको छ।

पहिरोले ११ केभी प्रसारण लाइन अवरुद्ध तीन जिल्लामा सेवा प्रभावित



काँक्रेविहार संवाददाता
कालीकोट, १० साउन

कर्णाली राजमार्ग अन्तर्गत सेराबाडा क्षेत्रमा तिला जलविद्युत् आयोजनाको पहुँचमार्ग निर्माणका क्रममा खसेको ढुङ्गा र पहिरोका कारण नेपाल विद्युत् प्राधिकरणको ११ केभी प्रसारण लाइनमा ठूलो क्षति पुगेपछि कालीकोट, जुम्ला र मुगुका विभिन्न क्षेत्रमा विद्युत् सेवा अवरुद्ध भएको छ।

निर्माण कार्यका क्रममा भएको पहिरोले विद्युत्का पोल, तार तथा प्रसारण संरचनामा क्षति पुऱ्याएपछि हजारौँ सेवाग्राही प्रत्यक्ष प्रभावित भएका हुन्। नेपाल विद्युत् प्राधिकरण कालीकोट वितरण केन्द्रका अनुसार पहिरोले प्रसारण लाइनका विभिन्न संरचनामा क्षति पुऱ्याएपछि विद्युत् आपूर्ति पूर्ण रूपमा अवरुद्ध भएको हो।

सेवा पुनः सञ्चालन गर्न शनिबार बिहान ६:३० बजेदेखि प्राविधिक टोली निरन्तर मर्मत कार्यमा खटिएको छ। क्षतिग्रस्त पोल परिवर्तन, तार जोड्ने तथा अन्य प्राविधिक मर्मतका काम तीव्र रूपमा भइरहेको वितरण केन्द्रले जनाएको छ।

प्राविधिक जयप्रसाद पाण्डेका अनुसार तिला फिडरअन्तर्गत पर्ने कालीकोटका दाहा, पिली, पाखा, छाप्रे, जुबिथा, राचुली, फोई, भिग्म र नाग्म क्षेत्र पूर्ण रूपमा विद्युत्विहीन भएका छन्। यसैगरी जुम्लाको हाडसिञ्जा क्षेत्र तथा मुगु जिल्लाका विभिन्न स्थानमा पनि विद्युत् सेवा प्रभावित भएको छ।

विद्युत् अवरुद्ध हुँदा घरायसी उपभोक्तासँगै सरकारी कार्यालय, स्वास्थ्य संस्था, शैक्षिक संस्था, सञ्चार सेवा तथा साना उद्योग-व्यवसायसमेत प्रभावित भएका छन्। स्थानीयका अनुसार वर्षायाममा पहिरोका कारण कर्णालीका विभिन्न स्थानमा विद्युत् सेवा पटक-पटक अवरुद्ध हुने समस्या दोहोरिने गरेको छ।

विशेषगरी सडक निर्माण, पहाडी भूगोल र निरन्तर वर्षाका कारण प्रसारण लाइन उच्च जोखिममा पर्ने गरेको उनीहरूको भनाइ छ। विद्युत् सेवा बन्द हुँदा दैनिक जनजीवन, सञ्चार, खानेपानीका विद्युतीय प्रणाली तथा व्यापारिक गतिविधिमा समेत असर पर्ने गरेको छ।

नेपाल विद्युत् प्राधिकरणले पनि यो समस्या नयाँ नभएको स्वीकार गरेको छ। प्राधिकरणका अनुसार तिला नदी वारिपारि वैकल्पिक ११ केभी प्रसारण लाइन निर्माण गर्न सके यस्ता प्राकृतिक विपद्का कारण हुने विद्युत् अवरोधलाई दीर्घकालीन रूपमा न्यूनीकरण गर्न सकिनेछ। एउटै प्रसारण लाइनमा निर्भर रहँदा पहिरो वा अन्य प्रकोपले ठूलो क्षेत्रमा एकैपटक विद्युत् सेवा अवरुद्ध हुने अवस्था सिर्जना हुँदै आएको छ।

प्राधिकरणले क्षतिग्रस्त संरचनाको मर्मत कार्य सकेपछि विद्युत् सेवा यथाशीघ्र पुनः सञ्चालन गरिने जनाएको छ। साथै, वर्षायाममा पहिरोको जोखिम उच्च रहने भएकाले प्रसारण लाइनको सुरक्षा, वैकल्पिक विद्युत् पूर्वाधार निर्माण तथा जोखिमयुक्त क्षेत्रमा पूर्वतयारीका कामलाई प्राथमिकता दिनुपर्ने आवश्यकता औँल्याएको छ।

विद्युत् सेवा अवरुद्ध हुँदा सेवाग्राहीमा परेको असुविधाप्रति नेपाल विद्युत् प्राधिकरणले क्षमायाचना गर्दै मौसमले साथ दिए मर्मत कार्य छिट्टै सम्पन्न गरी प्रभावित क्षेत्रमा नियमित विद्युत् आपूर्ति पुनःस्थापना गरिने जनाएको छ।

स्वयंसेवक...

सहभागीहरूलाई व्यवहारिक अनुभव हासिल गर्न मद्दत पुगेको प्रशिक्षकहरूको भनाइ छ।

तालिममा सानीभेरी गाउँपालिकाका १३ वटा माध्यमिक विद्यालयबाट शिक्षक नायक र सहायक शिक्षक नायक गरी २६ जनाको सहभागिता रहेको थियो।

स्वयंसेवकहरूका लागि भने छुट्टै समूह बनाएर समानान्तर रूपमा तालिम सञ्चालन गरिएको थियो। सहभागीहरूले तालिमबाट प्राप्त ज्ञान र सीपलाई विद्यालय, समुदाय तथा विपद्को अवस्थामा व्यवहारमा लागू गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

आयोजकका अनुसार पछिल्ला वर्षहरूमा प्राकृतिक विपद्का घटना बढ्दै गएकाले स्थानीय तहमा दक्ष स्वयंसेवक र प्रशिक्षित शिक्षकको आवश्यकता अझ बढेको छ।

विद्यालय र समुदायलाई विपद्प्रति सचेत, सुरक्षित र उत्थानशील बनाउन यस्ता तालिम प्रभावकारी हुने विश्वास व्यक्त गरिएको छ।

आगामी दिनमा पनि स्थानीय तह, विद्यालय र समुदायसँग समन्वय गरी यस्ता क्षमता अभिवृद्धिका कार्यक्रमलाई निरन्तरता दिइने नेपाल रेडक्रस सोसाइटी रुकुम पश्चिम जिल्ला शाखाले जनाएको छ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)